# मिथिला लघुवित्त वित्तीय संस्था लि.
## Mithila Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)

**केन्द्रीय कार्यालय ढल्केबर, धनुषा**

प.सं. २०८०/०८१
च.नं.: २६७

मिति : २०८०/०९/०५

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा शेयर दाखिल खारेज कारोवार बन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८०/०९/०५ गते दिउसो ०४:३० बजे बसेको सञ्चालक समितिको २४७ औं बैठकको निर्णय बमोजिम तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि पन्ध्रौं बार्षिक साधारण सभा गर्ने भएकोले सोको जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०८० पौष २८ गते (तदनुसार जनवरी १३, २०२४) शनिवार ।
समय : बिहान ११:०० बजे ।
स्थान : न्यू बौवा होटल एण्ड गेष्ट हाउसको सभा हल, मिथिला नगरपालिका. - १०, लालगढ, धनुषा ।

**छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने पन्ध्रौं वार्षिक प्रतिवेदन आ.व. २०७९/०८० उपर छलफल तथा पारित गर्ने ।

२. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**(ख) बिशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिमा ४ जना सञ्चालक (संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट १ जना) प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने ।

२. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायवाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्तीय संस्थाहरुसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) वा एक्विजीसन (प्राप्ति गर्ने/गराउने) आवश्यक भएको अवस्थामा सो कार्य गर्न साधारण सभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

# मिथिला लघुवित्त वित्तीय संस्था लि.
**Mithila Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)
**केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा**


**(ग) बिविध ।**

पन्धौं साधारण सभा प्रयोजनको लागि मिति २०८० पौष १६ गते सोमवार १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने तथा मिति २०८० पौष १६ गते भन्दा अगाडी नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरु यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री ग्लोवल.आई.एम.ई क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्सालमा नामसारीको लागि प्राप्त हुन आएको अभिलेखको आधारमा कायम हुने शेयरधनीहरुले मात्र पन्धौं साधारण सभामा भाग लिन तथा बोनश शेयर लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

*संलग्न : साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०६ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने सूचना पेज - १*

**बोधार्थ:**

(१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
(२) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
(३) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्ठौं ।
(४) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(५) श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाण्डौं ।
(६) श्री ग्लोवल.आई.एम.ई क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल, काठमाण्डौं ।

भवदीय,

हेमराज हेमन्त
कम्पनी सचिव

मिथिला लघुवित्त वित्तीय संस्था लि.
Mithila Laghubitta Bittiya Sanstha Ltd.
ढल्केवर